# भिङ्मरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

भिङ्मरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

पत्र सख्या:-२०७९/८०
चलानी नं.-

मिति:- २०७९/४/६

विषय :- ध्यानाकर्षण सम्वन्धमा ।

मिति २०७९/४/२ मा Galaxy 4k टेलिभिजनबाट प्रशारित भएको पाईप तथा जाली वितरण सम्वन्धी समाचारप्रति झिमरुक गाउँ कार्यपालिकाको कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । स्थानीय तह सदस्य निर्वाचन,२०७९ भन्दा पहिले नै झिमरुक गाउँपालिकाबाट रु ५ लाख बरावरको ग्यावियन जाली र रु १९ लाख बरावरको खानेपानी तथा सिंचाईका पाईपहरु खरिद गरेको थियो । निर्वाचन भन्दा पूर्व अत्यावश्यक भएका ठाउँ,संस्था र व्यक्तिहरुलाई केही मात्रामा जाली र खानेपानी तथा सिंचाई पाईप वितरण भएको थियो ।

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न पश्चात मिति २०७९ साल असार महिनामा लुम्बिनी प्रदेश सरकारबाट झिमरुक गाउँपालिकालाई खानेपानी पाईप खरिदको लागि रु १० लाख विनियोजन भएको र सो बजेटबाट थप पाईप खरिद गरिएको थियो ।

यसै सन्दर्भमा तारजाली तथा पाईप खरिद र वितरणको विषयलाई लिएर समाचारमा उल्लेख भएका विषयहरु तथ्यपूर्ण नभएका र तथ्याङ्कमा मेल नखाएको देखिन्छ । उक्त समाचार तयार पार्नको लागि कुनै पनि व्यक्ति वा पत्रकारले आधिकारिक रुपमा गाउँपालिकाभित्र रहेका जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई सम्वन्धित विषयका बारेमा सोधपुछ नगरेको व्यहोरा स्पष्ट पार्न चाहान्छौं ।

तारजाली तथा पाईप वितरणमा वडा अध्यक्षहरु प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरुले अनभिज्ञता प्रकट गर्नु भयो भन्ने भनाईमा सत्यता नरहेको देखिन्छ ।वडा कार्यालयहरुबाट वडाअध्यक्षको सिफारिस तथा प्राबिधिक लागत अनुमानको आधारमा नै पाईप तथा ग्यावियन जाली वितरण भएको कुरा स्पष्ट नै छ ।

त्यसैले समाचार तयार पार्दा आधिकारिक रुपमा सम्वन्धित विषयमा तथ्याङ्क खोजविन नगरी एकपक्षिय रुपमा मनोमानी ढंगले प्रशारण गरिएको समाचारले जनतामा भ्रम सिर्जना गरेको तथा गाउँपालिकाको काम कारवाहिमा समेत असर पर्ने भएकोले यस्ता भ्रमपूर्ण र तथ्यलाई तोडमोड गरी समाचार तयार गर्ने व्यक्ति/पत्रकारलाई आगामी दिनमा त्यस्तो काम नगर्न नगराउनुहुन र प्रशारित समाचार सच्चाउनु हुन समेत ध्यानाकर्षण गराईएको व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा — वेवसाईडमा अपलोड गर्नु हुन ।

२०७९।४।६

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत